# फेदाप गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पोक्लाबाङ, तेह्रथुम | कोशी प्रदेश, नेपाल

पत्र संख्या : २०८२/८३ | मिति : २०८२-०७-१२
चलानी नं. : | ने.सं. ११४६

**विषय: छात्रवृत्तिका लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना ।**

(प्रथम पटक सूचना प्रकाशन मिति: २०८२।०७।१२)

प्रस्तुत विषयमा फेदाप गाउँपालिकाको चालु आ.ब. को बार्षिक स्विकृत कार्यक्रम कार्यान्वयन सन्दर्भमा यस गाउँपालिकाभित्र स्थायी बसोबास भई आर्थिक रुपले विपन्न भएका जेहेन्दार विद्यार्थीहरुलाई लक्षित गरी विद्यालय शिक्षा, प्राविधिक शिक्षा र उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति वितरण गर्ने कार्यक्रम रहेकाले सम्बन्धित विद्यार्थीहरुले देहायका कागजात संलग्न गरी मिति २०८२।०७।२७ गते सम्ममा यस कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखामा वा शाखाको इमेल ठेगाना edfedap@gmail.com मा निवेदन पेश गर्नहुन 'फेदाप गाउँपालिकाको शैक्षिक छात्रवृत्ति कोष कार्यक्रम सञ्चालन कार्यविधि, २०८२' को दफा ५ को उपदफा १ र २ बमोजिम सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

पेश गर्नुपर्ने कागजातहरु:

१. सम्बन्धित विद्यार्थीको स्थायी ठेगाना भएको सम्बन्धित वडा कार्यालयको सिफारिस ।
२. सम्बन्धित विद्यार्थीले सम्पन्न गरेको अघिल्लो कक्षा वा तहको प्रमाणपत्रको प्रतिलिपी ।
३. सम्बन्धित विद्यार्थीले अध्ययन गरिरहेको शैक्षिक संस्थाको सिफारिस ।
४. सम्बन्धित विद्यार्थीले अध्ययन गरिरहेको शैक्षिक संस्थामा चालु आर्थिक बर्षमा तिरेको शुल्कको बीलको प्रतिलिपी ।
५. सम्बन्धित विद्यार्थीको निवेदन ।

श्रीप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:**

श्री सूचना तथा सञ्चार प्रविधि शाखा: वेभसाईटमा अपलोड गर्नुहुन ।
श्री वडा कार्यालयहरु सबै, फेदाप गाउँपालिका ।
श्री विद्यालयहरु सबै, फेदाप गाउँपालिका ।
श्री सम्बन्धित शैक्षिक संस्थाहरु ।

# फेदाप गाउँपालिका

[illegible]

# गाउँ कार्यपालिकाको कार्यालय

पोक्लावाङ, तेह्रथुम

कोशी प्रदेश, नेपाल

पत्र संख्या : २०८२/८३
चलानी नं. : ४४९

मिति : २०८२-०७-१२
ने.सं. ११४६

**विषय: छात्रवृत्ति तथा पुरस्कारका लागि ग्रेडसिट पेस गर्ने सम्बन्धमा ।**

श्री माध्यमिक विद्यालयहरु,
श्री आधारभूत तह (कक्षा ८) सञ्चालित विद्यालयहरु,
फेदाप गाउँपालिका, तेह्रथुम ।

प्रस्तुत विषयमा खडानन्द-पद्मादेवी भेटुवाल स्मृति अक्षयकोष र फेदाप गाउँपालिकाबीच भएको सम्झौता बमोजिम फेदाप गाउँपालिकाभित्र सञ्चालित सामुदायिक माध्यमिक विद्यालयहरुबाट माध्यमिक शिक्षा परीक्षा SEE मा सहभागी भई सबैभन्दा बढी प्राप्ताङ्क (GPA) प्राप्त गर्ने ५ जना विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण गर्ने कार्यक्रम रहेको साथै फेदाप गाउँपालिकाको चालु आ.ब. को स्विकृत बार्षिक कार्यक्रम अनुसार यस गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुमा अध्ययन गरि शैक्षिक सत्र २०८१ को कक्षा ८ को आधारभूत तह उत्तिर्ण परीक्षा, कक्षा १० को माध्यमिक शिक्षा परीक्षा साथै २०८२ मा सञ्चालन भएको कक्षा १२ को माध्यमिक तह उत्तिर्ण परीक्षामा सर्वोत्कृष्ट जिपिए प्राप्त गर्ने तहगत रुपमा १ जना छात्र र १ जना छात्रालाई नगद पुरस्कार र प्रमाणपत्र सहित सम्मान गर्ने कार्यक्रम समेत रहेकाले तहाँ विद्यालयबाट शैक्षिक सत्र २०८१ को आधारभूत तह उत्तिर्ण परीक्षा, माध्यमिक शिक्षा परीक्षा र २०८२ मा सञ्चालन भएको माध्यमिक तह उत्तिर्ण परीक्षामा सहभागी भई सबैभन्दा बढी प्राप्ताङ्क (GPA) प्राप्त गर्ने विद्यार्थीहरुको ग्रेडसिटको प्रतिलिपी मिति २०८२।०७।१८ गते सम्ममा यस कार्यालयको इमेल ठेगाना edfedap@gmail.com मा उपलब्ध गराईदिनुहुन अनुरोध छ ।

श्रीप्रसाद ढकाल
नि.प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:**

श्री अध्यक्षज्यू फेदाप गाउँपालिका, तेह्रथुम ।

# फेदाप गाउँपालिका

[illegible]

## गाउँ कार्यपालिकाको कार्यालय

पौक्लावाङ, तेह्रथुम

कोशी प्रदेश, नेपाल

पत्र संख्या : २०८२/८३
चलानी नं. : ४५०

मिति : २०८२-०७-१२
ने.सं. ११४६

**विषयः उत्कृष्ट शिक्षक/कर्मचारी सिफारिस सम्बन्धमा ।**

श्री सम्पुर्ण सामुदायिक विद्यालयहरु,
फेदाप गाउँपालिका, तेह्रथुम ।

प्रस्तुत विषयमा फेदाप गाउँपालिकाको आ.ब. २०८२।८३ को बार्षिक स्विकृत कार्यक्रम अनुसार यस गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरुमा कार्यरत देहाय बमोजिमको सङ्ख्यामा उत्कृष्ट शिक्षक तथा विद्यालय कर्मचारीलाई नगद पुरस्कार र प्रशंसा पत्र सहित सम्मान गर्ने कार्यक्रम भएकोले फेदाप गाउँपालिकाको उत्कृष्ट शिक्षक तथा विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ को दफा ८ को उपदफा १ मा उल्लेखित मापदण्ड बमोजिम तहाँ विद्यालयबाट उत्कृष्ट शिक्षक छनौट गरी कार्यविधिको अनुसूची १ बमोजिमको फाराम भरेर सम्बन्धित शिक्षक/कर्मचारी तथा विद्यालयको मूल्याङ्कन र तोकिएका कागजात सहितको फायल मिति २०८२।०७।२६ गते सम्ममा यस कार्यालयमा उपलव्ध गराईदिनुहुन फेदाप गाउँपालिकाको उत्कृष्ट शिक्षक तथा विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ को दफा ८ को उपदफा ३ बमोजिम अनुरोध छ ।

| विवरण | सङ्ख्या | कैफियत |
|---|---|---|
| प्रधानाध्यापक | १ जना | |
| शिक्षक (माध्यमिक तह) | १ जना | |
| शिक्षक आधारभूत (निम्न माध्यमिक) तह | १ जना | |
| शिक्षक आधारभूत (प्राथमिक) तह | २ जना | |
| प्रारम्भिक बालविकास सहजकर्ता | १ जना | |
| विद्यालय कर्मचारी | १ जना | |

श्रीप्रसाद ढकाल
नि.प्रमुख प्रशासकीय अधिकृत

**पुनश्चः**

तोकिएको मिति पश्चात यस कार्यालयबाट अन्तिम मूल्याङ्कन गरी यस गाउँपालिकाको उत्कृष्ट शिक्षक तथा विद्यालय कर्मचारीको नामावली प्रकाशन गरिनेछ ।

# फेदाप गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

पोक्लाबाङ, तेह्रथुम                                    कोशी प्रदेश, नेपाल

पत्र संख्या : २०८२/८३                                    मिति : २०८२-०७-१२
चलानी नं. :                                                      ने.सं. ११४६

**विषयः प्रस्तावना सहित कार्यक्रम माग गर्ने सम्बन्धी सूचना।**
(प्रथम पटक प्रकाशित मिति: २०८२।०७।१२)

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरको च.नं. ४२६ मिति २०८२।०३।०४ को पत्रानुसार चालु आर्थिक बर्षमा ससर्त अनुदान विद्यालय शिक्षा क्षेत्र योजना अन्तर्गत यस कार्यालयमा देहायको शीर्षकमा कार्यक्रम प्राप्त भएकोले मिति २०८२।०७।२६ गते सम्ममा सम्बन्धित कार्यक्रमको प्रस्तावना तयार गरि देहाय बमोजिमका कागजात सहित यस कार्यालयमा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

देहाय

| कार्यक्रम | रकम रु | संख्या |
|---|---|---|
| विद्यालयमा भर्चुअल शिक्षण, इ-लर्निङ, पुस्तकालय र विज्ञान प्रयोगशालाका लागि सामाग्री तथा उपकरण व्यवस्थापन र सञ्चालन | दश लाख | १ |

**आवश्यक कागजातहरु:**

क) उक्त सुविधा नभएको/पर्याप्त नभएको विद्यालय भन्ने स्वघोषणा सहितको अनुदान माग पत्र।
ख) विद्यार्थी संख्या उच्च रहेको विवरण उल्लेखित IEMIS प्रतिवेदन।
ग) विद्यालय व्यवस्थापन समितिले कार्यक्रम आवश्यक भएको र माग गर्ने भनि गरेको निर्णयको प्रतिलिपी।
घ) जुन क्रियाकलापका लागि अनुदान माग गर्ने हो त्यसका लागि आवश्यक कोठा पर्याप्त भई उक्त कोठा सम्बन्धित कार्यक्रम स्थापनाका लागि यस गाउँपालिकाको कार्यालयबाट तयार भएको आधार मापदण्ड र स्पेशिफिकेशनको परिधिभित्र रही सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरीद नियमावली, २०६४ र विद्यालय खरिद दिग्दर्शन अनुसार प्रक्रिया पुरा गरी खरिद तथा व्यवस्थापन गर्ने कार्ययोजना साथै ***कार्यक्रम सञ्चालन गर्न सक्ने क्षमता र तत्परता*** खुल्ने विवरण उल्लेख गरि तयार पारेको प्रस्तावना तथा प्रतिबद्धता पत्र।

**पुनश्च :** माध्यमिक तह सञ्चालित सबै विद्यालयहरुमा उक्त कार्यक्रमहरु एकपटक सम्पन्न भएको कारण उक्त विद्यालयहरुबाट प्रस्तावना प्राप्त नभएको अवस्थामा विद्यार्थी संख्या उच्च रहेको र अनुमतिले जेष्ठ आधारभूत तह (कक्षा १-८) सञ्चालित विद्यालयले कार्यक्रम माग गर्न सकिनेछ।

श्रीप्रसाद ढकाल
नि.प्रमुख प्रशासकीय अधिकृत